# राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकका निर्णयहरु

१. अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालित विकास कार्यक्रम, परियोजना तथा आयोजनाहरूमा लामो समयदेखि सोधभर्ना व्यवस्थापनको कार्य सम्बोधन हुन नसकेको, हिसाब मिलान तथा फछ्र्यौटमा सम्बन्धित मन्त्रालयहरूले समयमा नै सोधभर्ना माग नगरी ठूलो परिमाणको रकम सोधभर्ना हुन बाँकी रहेको देखिएकोले त्यस्तो सोधभर्नासम्बन्धी कार्य २ (दुई) महिनाभित्र सम्पन्न गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्बन्धित मन्त्रालयको सचिव, महालेखा नियन्त्रक र तत् तत् परियोजना प्रमुख सदस्य रहने गरी समिति गठन गर्ने।

२. सरकारको लगानीमा सञ्चालित ३३ के.भी. विद्युत वितरण आयोजनाको लागि गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा चुरे संरक्षण क्षेत्रमा गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रक्रिया अत्यन्तै झन्झटिलो र कठिन प्रकृतिको भएकोले आयोजना निर्माणमा समस्या देखिएको हुँदा सो समस्या समाधानका लागि अध्ययन गरी २ (दुई) महिनाभित्र प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सचिव सदस्य रहने गरी समिति गठन गर्ने।

३. सडक विस्तार, विद्युतीकरण, खानेपानी तथा ढलहरू विस्तार तथा मर्मतको क्रममा भूमिगत केवल तथा पोलहरूमा समेत क्षति हुने गरेकोले दूरसञ्चार सेवा अवरूद्ध हुनुका साथै सेवाको गुणस्तरमा ह्रास आउने गरेकोले राष्ट्रिय राजमार्ग, रणनीतिक महत्वका सडक, पुल, शहरी विकास लगायतका पूर्वाधार निर्माण तथा सोको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्दा नै दूरसञ्चारसम्बन्धी पूर्वाधार राख्न मिल्ने Duct तथा Utility Corridor को व्यवस्था गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव संयोजक तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले २ (दुई) महिना भित्र नीति प्रस्ताव र कार्यान्वयनको कार्ययोजना तयार गर्ने ।

४. राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन र सडक सीमा निर्धारण यथाशीघ्र गर्न र सडक सीमाको अन्यौलका कारण निर्माण कार्यमा देखिएको अवरोध हटाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र नेपाल सरकार मन्त्रिपरिषदबाट यसअघि भएका निर्णयहरूलाई समेत अध्ययन गरी आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बद्ध आयोजना प्रमुख सदस्य रहने गरी एक कार्यदल बनाई उक्त समस्याको समाधानका लागि उपयुक्त विषय प्रस्ताव गर्ने।

५. निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था नहुँदा त्यस्ता संरचनाहरुको दिगोपना तथा सञ्चालनमा समस्या रहेको हुँदा निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभारका लागि सबै निकायहरुले वार्षिक रुपमा आवश्यक बजेटको व्यवस्था गर्ने। आगामी आ.व.को बजेट तर्जुमाका क्रममा यो विषय अनिवार्य रुपमा ग्रहण गर्ने।

६. फोहोरमैला व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहको समेत सहभागिता अभिवृद्धि गर्दै फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका उपाय सहितको प्रतिवेदन ३ (तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालय तथा निकायका प्रतिनिधि सदस्य रहेको समिति गठन गर्ने।

७. तीनै तहका सरकारका लागि विकासमा आवश्यक पर्ने जग्गा प्राप्तिलाई सहज बनाउन गर्नुपर्ने कार्यको उपयुक्त सुझाव सहितको प्रतिवेदन ३ (तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिवहरु सदस्य रहेको समिति गठन गर्ने।

८. संविधानको अनुसूचीमा उल्लेख भएको तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार प्रदेश र स्थानीय तहमा भएको जिम्मेवारी हस्तान्तरण, संस्थागत संरचना र मानव संसाधन व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी ३ (तीन) महिनाभित्र प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालयका सचिव र प्रदेश तथा स्थानीय तहका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने।

९. उच्च शिक्षाको नियमन तथा सञ्चालनमा देखिएको दोहोरोपना हटाउनका लागि आवश्यक कार्यढाँचा सहितको प्रतिवेदन ३(तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, काठमाडौं विश्वविद्यालयका उपकुलपति, विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगका निर्देशक सदस्य रहने गरी एक समिति गठन गर्ने।

१०. विद्यालय शिक्षामा आशातीत उपलब्धि हासिल हुन नसकेको सन्दर्भमा विद्यालय सञ्चालनका लागि स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरीवेक्षणको व्यवस्था मिलाउन संविधानको अनुसूचीमा उल्लिखित अधिकार तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन समेतको आधारमा उपयुक्त सुझाव सहितको प्रतिवेदन २ (दुई) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, सम्बद्ध निकायका प्रतिनिधि, सरोकारवाला निकायहरु समेतको प्रतिनिधित्व रहने गरी एक समिति गठन गर्ने।